<u>कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची</u>

बैठक संख्याः३०
अध्यक्षताः श्री दान बहादुर गुरुङ
बैठक मितिः २०८०।०८।१२
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २००।०८।१२ | ८:०० बजे | इच्छाकामना मेलाका लागि आर्थिक सहयोग सम्बन्धमा। | सामाजिक विकास शाखा | १ |
| २००।०८।१२ | ८:०५ बजे | HIMALAYAN खनिजलाई उद्योग दर्ता प्रयोजनार्थ सिफारिस प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २००।०८।१२ | ८:१० बजे | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनोट सम्बन्धमा। | रोजगार सेवा केन्द्र | ३ |
| २००।०८।१२ | ८:१५ बजे | एम्बुलेन्स सञ्चालन सम्बन्धमा। | स्वास्थ्य शाखा | ४ |
| २००।०८।१२ | ८:२० बजे | कार्यालय सहयोगी सेवा करारमा लिने सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २००।०८।१२ | ८:२५ बजे | सडक बोर्ड नेपालको योजना छनोट सम्बन्धमा। | योजना शाखा | ६ |
| २००।०८।१२ | ८:३० बजे | फुटबल प्रतियोगिताको रकम भुक्तानी सम्बन्धमा। | शिक्षा शाखा | ७ |
| २००।०८।१२ | ८:३५ बजे | कर्तव्यनिष्ठ महिला समाज र सिर्जनशिल महिला जागरण केन्द्रलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | ८ |
| २००।०८।१२ | ८:४० बजे | दाहाखानी स्कूलदेखि नयाँगाउँटार सडकको ठेक्का आह्वान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |
| २००।०८।१२ | ८:४५ बजे | विपन्न चेपाङ आवास कार्यक्रम सञ्चालन सम्बन्धमा। | भवन तथा बस्ती विकास शाखा | १० |
| २००।०८।१२ | ८:५० बजे | सार्वजनिक सुनुवाई कार्यक्रम तथा स्थानीय तह र स्थानीय प्रशासन बीचको समन्वयात्मक बैठक सम्बन्धमा। | प्रशासन शाखा | ११ |
| २००।०८।१२ | ८:५५ बजे | गाउँपालिकाको रिक्त दरबन्दीमा सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा। | प्रशासन शाखा | १२ |
| २००।०८।१२ | ९:०० बजे | दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगीलाई सेवा करारमा राख्ने सम्बन्धमा। | प्रशासन शाखा | १३ |
| २००।०८।१२ | ९:०५ बजे | इच्छाकामना आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको लागि सदस्य चयन गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | १४ |
| २००।०८।१२ | ९:१० बजे | IEE को लागि पेश हुन आएको TOR स्वीकृति सम्बन्धमा। | योजना शाखा | १५ |

गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २००।०८।१२ | ९:१५ बजे | पालिकाबाट सञ्चालित योजनाको लागि नदिजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १६ |
| २००।०८।१२ | ९:२० बजे | पार्श्व चित्रमा वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क संकलन तथा समावेश गर्ने कार्यक्रमका लागि गणक छनोट सम्बन्धमा। | प्रशासन शाखा | १७ |
| २००।०८।१२ | ९:२५ बजे | भरतपुर महानगरपालिकाबाट सञ्चालित ठेक्काको लागि आवश्यक ग्राबेल उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १८ |

गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।०७।०३ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**३० औं कार्यपालिका बैठकको निर्णयहरुः**

निर्णय नं.१: हरेक बर्ष झैं यस बर्ष पनि मिति २०८०।०८।१६ गते मार्ग कृष्ण पञ्चमीका दिन इच्छाकामना माईको मन्दिर परिसरमा लाग्ने ऐतिहासिक धार्मिक साँस्कृतिक मेलाको अवसरमा धार्मिक तथा साँस्कृतिक प्रबर्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको कार्यक्रम सञ्चालनार्थ गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम भाषा, कला तथा सँस्कृति संरक्षण शिर्षकमा विनियोजित बजेट मध्येबाट श्री इच्छाकामना सिद्धबाबा संरक्षण समितिले कार्यालयमा पेश गरेको बिल भर्पाईका आधारमा अधिकतम रु. ३,००,०००।- (अक्षरेपि तीन लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने।

निर्णय नं.२: इच्छाकामना गाउँपालिका वडा नं. ६ स्थित मस्राङ क्षेत्रमा रहेको चुनढुङ्गा खानी उत्खनन् गर्ने प्रयोजनार्थ नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभागमा चुनढुङ्गा उत्खनन् उद्योग दर्ता गर्न HIMALAYAN MINES & MINERALS PVT. LTD. लाई सिफारिस गर्ने।

निर्णय नं.३: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०।०८१ का लागि तपसिल अनुसारका योजनाहरु छनोट गर्ने।

तपसिलः

| क्र.सं. | योजनाको नाम | वडा नं. | अनुमानित लागत (रु.) |
|---|---|---|---|
| १. | सयरलिङ गाउँबस्तीबाट चित्रकाली आधारभूत विद्यालय सिंडी बाटो मर्मतसम्भार | १ | ४००८०० |
| २. | थाप्राङ राङचुराङ जौतेस सिंढी गोरेटो बाटो मर्मतसम्भार | १ | १३३६०० |
| ३. | तिपाङ गाउँबस्ती देखि तिपाङ प्रा.वि. सम्म सिंढी बाटो मर्मतसम्भार | १ | ४००८०० |
| ४. | बङग्याङ गाउँबस्तीबाट भाराङ स्कूलसम्म गोरेटो बाटो मर्मतसम्भार | १ | १३३६०० |
| ५. | हपनी देखि स्याउलीडाँडा पिकनिक स्पट सिंढी बाटो मर्मतसम्भार | २ | २६७२०० |
| ६. | आशखोला झोलुङ्गे पुलदेखि रुवालीडाँडासम्म सिंढी बाटो मर्मतसम्भार | २ | १३३६०० |
| ७. | हेप्चेक दोभान देखि हेप्चेक गाउँसम्म सिंढीबाटो मर्मतसम्भार | २ | २००४०० |
| ८. | भोटेगाउँ देखि सोलो भाजो भिर गोरेटोबाटो मर्मतसम्भार | २ | २६७२०० |
| ९. | रुप्लाङ्ग देखि चौकीडाँडा सम्म गोरेटो बाटो मर्मतसम्भार | ३ | १३३६०० |

जगत प्रसाद मुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| १०. | लिलिङटार देखि ओरेक सम्म गोरेटो बाटो मर्मतसम्भार | ३ | २००४०० |
| ११. | क्षत्रेआँप देखि चापडाँडा हुँदै स्याकलाङ गोरेटो बाटो मर्मतसम्भार | ४ | २००४०० |
| १२. | बिसौना देखि कुरिनटार चर्च सम्म गोरेटो बाटो मर्मतसम्भार | ४ | १३३६०० |
| १३. | छरछरे देखि पहेंलो ढुङ्गासम्म सिंढी बाटो मर्मतसम्भार | ५ | २००४०० |
| १४. | बोक्सेर्ना देखि किट्श्वरा सम्म सिंढी बाटो मर्मतसम्भार | ५ | २६७२०० |
| १५. | साठ्ठीमुरे होमस्टे आँगनको ढुङ्गा गाह्रो मर्मतसम्भार | ५ | २००४०० |
| १६. | देवीभञ्ज्याङ देखि चारघरे गोरेटो बाटो मर्मतसम्भार | ६ | २००४०० |
| १७. | ताल्ती देखि रैबुङ हुँदै नेपालटारसम्म गोरेटो बाटो मर्मतसम्भार | ६ | ४००८०० |
| १८. | जमलादेखि आधामारा गोरेटो बाटो मर्मतसम्भार | ६ | १३३६०० |
| १९. | चौतारा देखि जमुनडाँडा गोरेटो बाटो मर्मतसम्भार | ६ | १३३६०० |
| २०. | स्याङ्दी झरनादेखि कापे गौरीसम्म गोरेटो बाटो मर्मतसम्भार | ७ | २६७२०० |
| २१. | भोर्ले गोरेटो बाटो मर्मतसम्भार | ७ | २६७२०० |
| २२. | स्याङ्दी लखनकोट गोरेटो बाटो मर्मतसम्भार | ७ | २६७२०० |

<u>निर्णय नं.४:</u> गाउँपालिकाले सञ्चालन गर्दै आइरहेको ना १ झ १७०५ नम्बरको एम्बुलेन्स इच्छाकामना आधारभूत अस्पतालले सम्पूर्ण व्यस्थापकिय जिम्मेवारी सहित सञ्चालन गर्ने गरी जिम्मेवारी प्रदान गर्ने।

<u>निर्णय नं.५:</u> इच्छाकामना गाउँकार्यपालिकाको कार्यालयलाई १ जना कार्यालय सहयोगीको आवश्यकता रहेको हुँदा आ.व. २०८०।०८१ को वि.नं. ६-२०८०।०८१, कार्यालय सहयोगी पदको लागि लिइएको परिक्षामा वैकल्पिक योग्यताक्रम नं. १ मा रहेको इच्छाकामना-३, चितवन स्थायी ठेगाना भएको सन्तकुमारी गुरुङलाई सेवा करारमा कार्यालय सहयोगी पदमा नियुक्त गर्ने।

<u>निर्णय नं.६:</u> आ.व. २०८०।०८१ मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि सडक बोर्ड नेपालबाट विनियोजित बजेट कार्यान्वयन गर्न जलविरे चनौटे सडक मर्मत सुधार योजना छनोट गरी आवश्यक प्रकृया पुरा गरी बोर्डबाट सहमति लिने।

<u>निर्णय नं.७:</u> इच्छाकामना गाउँपालिका वडा नं. ३ स्थित रुप्लाङ्गमा रहेको तमु साँस्कृतिक यूवा समाजले मिति २०८०।०७।२५ देखि २०८०।०८।०२ गते सम्म सञ्चालन गरेको फुटबल प्रतियोगितामा प्रयोग भएका खेलकुद सामाग्री खरिदको प्राप्त बिल भर्पाईका आधारमा रु. २१,०००।- (अक्षरेपि एक्काइस हजार मात्र) बराबरको आर्थिक सहयोग उपलब्ध गराउने।

<u>निर्णय नं.८:</u> इच्छाकामना गाउँपालिका वडा नं. ५ मा रहेको कर्तव्यनिष्ठ महिला समाजले मिति २०८०।०५।२५ गतेका दिन हरितालिका तीजको अबसरमा आयोजना गरेको सामाजिक साँस्कृतिक कार्यक्रमलाई आर्थिक सहयोग बापत प्राप्त बिल भर्पाईका आधारमा रु. २५,०००।- (अक्षरेपि पच्चिस

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

हजार मात्र) र सिर्जनशिल महिला जागरण केन्द्र मुग्लिङ्गलाई योग अभ्यास प्रवर्धनमा योगदान गरेबापत पेश हुन आएका बिल भर्पाईका आधारमा रु. ५०,०००।-(अक्षरेपि पचास हजार मात्र) सहयोग उपलब्ध गराउने।

**निर्णय नं.९:** दाहाखानी स्कूलदेखि नयाँगाउँटार सडकको ठेक्का आह्वान गर्दा सोही सडकखण्डमा रहेको सिमलढाप र पिपलटारको बीच भागमा पर्ने १९५ मी ढलानको कार्य समेत सोही ठेक्कामा समावेश गर्ने।

**निर्णय नं.१०:** विपन्न चेपाङ आवास कार्यक्रम अन्तर्गत २२ विपन्न घरधुरी छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न प्रकृया अगाडी बढाउने।

**निर्णय नं.११:** मिति २०८०।०८।२० गते आ.व. २०८०।०८१ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. ६ को चण्डिभञ्ज्याङमा सञ्चालन गर्ने र स्थानीय तह र स्थानीय प्रशासन बीच समन्वयात्मक बैठकका लागि जिल्ला प्रशासन कार्यालय चितवनसंग समन्वय गर्ने।

**निर्णय नं.१२:** इच्छाकामना गाउँपालिकामा रिक्त रहेको तपसिल अनुसारको पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने।

| | |
|---|---|
| मेडिकल अधिकृत (अधिकृतस्तर आठौं तह सरह) | - १ जना |
| सब-ईन्जिनियर, सिभिल (सहायकस्तर पाँचौं तह सरह) | - १ जना |
| स्टाफ नर्स (सहायकस्तर पाँचौं तह सरह) | - १ जना |
| अमिन (नापी) (सहायकस्तर चौथो तह सरह) | - १ जना |

**निर्णय नं.१३:** इच्छाकामना गाउँपालिका वडा नं. २ मायाँटारमा रहेको सामुदायिक स्वास्थ्य इकाईमा कार्यालय सहयोगी पदमा दैनिक ज्यालादारीमा कार्यरत बिन्दु गुरुङलाई २०८० साल माघ १ गते देखि लागू हुने गरी सेवा करारमा नियुक्त गर्ने।

**निर्णय नं.१४:** इच्छाकामना आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा ३ मा भएको व्यवस्था अनुसार सञ्चालन तथा व्यवस्थापन समितिको सदस्यमा श्री रुपेशमणि सापकोटा र श्री सृजना देवकोटालाई मनोनयन गर्ने।

**निर्णय नं.१५:** गाउँपालिकाको वडा नं. ४ र ७ मा पर्ने विभिन्न खोलाहरुबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन गर्ने कार्यको IEE गर्न सार्प रिसर्च सेन्टर प्रा.लि. अनामनगर काठमाडौंले पेश गरेको TOR स्वीकृत गर्ने।

**निर्णय नं.१६:** यस पालिकाबाट सञ्चालन हुने योजनाहरुमा यस पालिकाबाट प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लिखित परिमाणमा नबढ्ने गरी नदिजन्य पदार्थ सम्बन्धित समितिको माग एवं वडा कार्यालयको सिफारिसका आधारमा उपलब्ध गराउने।

**निर्णय नं.१७:** आ.व. २०८०।०८१ को स्वीकृत बार्षिक कार्यक्रम स्थानीय तहको पार्श्व चित्रमा वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क संकलन तथा समावेश गर्ने कार्यक्रमका लागि वडा कार्यालयको

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

सिफारिसका आधारमा प्रत्येक वडाबाट २ जना गणक छनोट गरी तथ्याङ्क संकलनको कार्य अगाडी बढाउने।

<u>निर्णय नं.१८:</u> भरतपुर महानगरपालिकाको प्राप्त सिफारिसका आधारमा यस गाउँपालिकाको वडा नं. ६ अन्तर्गत रिग्दी खोला शिखर गौरी सारा हुँदै गौरी खोला सम्म नाला सफा गर्दा निस्केको ३०० घ.मी. ढुङ्गा सहितको ग्राबेल माटो उक्त महानगरपालिकाबाट सञ्चालित ठेक्कामा प्रयोग गर्न यस पालिकामा प्रचलित नियमानुसार राजश्व दाखिला गरी लैजान श्री D&B&L&G JV Bharatpur, Chitwan लाई अनुमति प्रदान गर्ने।

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

आज मिति २०८०/०८/१२ गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रवक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

<u>अन्य उपस्थितिः</u>

१. उद्गम तिमिल्सिना, लेखा अधिकृत
२. बासु पण्डित, प्रशासन शाखा प्रमुख
३. कृष्ण सापकोटा, न्यायिक सहजकर्ता
४. बुद्धिबल रानामगर, वडा सदस्य, वडा नं. ४
५. ई. कमल राउत, पूर्वाधार विकास शाखा प्रमुख